# सुदूरपश्चिम विश्वविद्यालय
## केन्द्रीय कार्यालय
(स्थापित २०६७)

पत्र संख्या :
च.नं. : ८५

मिति: २०७८/०८/०८

श्री सुदूरपश्चिम विश्वविद्यालय,
सम्पूर्ण निकायहरु ।

विषय : आचार संहिता पालना गर्ने गराउने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा सुदूरपश्चिम विश्वविद्यालय शिक्षक कर्मचारी सेवा नियमावली, २०६९ को परिच्छेद १० शिक्षक कर्मचारीको आचरण सम्बन्धि नियम ६६ को उपनियम (१) (घ) को व्यवस्था वमोजिम प्राज्ञिक बहस, नेपाल प्राध्यापक संघ, कर्मचारी संघ जस्ता पेशागत संगठन र सामाजिक संस्थाहरुमा उम्मेदवार हुने र भाग लिन वाहेक राजनीतिक दलको निर्वाचनमा उम्मेदवार बन्न नपाईने प्रावधान र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (२) अनुसार नेपाल सरकार, प्रदेश सरकार, वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको वहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा वहाल रहेको व्यक्ति राजनीतिक दलको सदस्य हुन नसक्ने व्यवस्था रहेको सर्वदित नै छ । यहि मिति २०७८ मंसिर ०७ गते निर्वाचन आयोगले प्रेस विज्ञप्ती मार्फत सो सम्बन्धमा ध्यानाकर्षण गराएको तथा हाल यस विश्वविद्यालयका वहालवाला शिक्षक कर्मचारीले विभिन्न राजनैतिक दलको पदाधिकारीमा प्रतिस्पर्धा गरेको व्यहोरा सामाजिक संजालबाट विश्वविद्यालयलाई जानकारी हुन आएकोले त्यस निकायमा कार्यरत शिक्षक, कर्मचारीलाई विश्वविद्यालयको नियम, पेशागत रुपमा कानुनी र नैतिक मर्यादाको पालना गर्न गराउन हुन अनुरोध गरिन्छ ।

(गोविन्दबल्लभ पन्त)
प्रमुख
सामान्य प्रशासन महाशाखा